श्री संयोजक एवम् सदस्यहरु,
वार्ता समिति,
शान्ति सचिवालय,
सिंहदरबार, काठमाण्डौं ।

अन्तरिम मस्यौदा समितिमा नाम उदघोषण गरी जिम्मेवारी दिएकोमा विनम्रित हुँदै देहायका तथ्यहरु अभिलेखित गर्न आवश्यक ठान्दछु ।

१. अन्तरिम संविधानको आफैमा पूर्ण दस्तावेज हुन पर्नेमा पूर्ण हुन नसकेकोले यसले संविधानको स्वरुप प्रकृति ग्रहण गर्न नसकेको यथार्थमा विवाद छैन ।

२. नेपाली जनताको पूर्ण लोकतन्त्र सहितको दिगो शान्तिको लागि आधारभूत अभिलेख यो संविधान बन्नु पर्ने हो, तर निर्माण हुन नसकेकोले पूर्ण लोकतन्त्र (कुनै पनि प्रकृतिको) दिगो शान्ति अलिक टाढा पुगेको महसुस गरेको छु । यद्यपी निरन्तर र सतत् प्रयत्नबाट यो प्राप्त हुनेछ भन्ने प्रतिवद्धता सहितको दृढताको पक्षमा उभिन्छु ।

३. खुल्ला प्रकृयाबाट निर्माण भएको संविधान टिकाउ पूर्ण र कामयावी वास्तविक सत्य हो । खुल्ला प्रकृयाबाट संविधान निर्माण नभै केही निश्चित व्यक्ति मात्र बसेर निर्माण गरेमा त्यो अर्थपूर्ण र कामयावी हुन नसक्ने अन्य देशहरुको अनुभवबाट सिद्ध भएको टडकारो कटु सत्य हो । यस अर्थमा सिमित छलफल गरी संविधान निर्माणको प्रकृया अवलम्बन गरिएमा त्यसका दिर्घायूको कामना गरे पनि परिणाम अर्थपूर्ण नहुन सक्दछ ।

४. समितिमा मतैक्यता गर्न सकेनौ, यो नै कटु सत्य हो ।

५. संविधानको मस्यौदा गर्नु पूर्व शान्तिमा रुपान्तरण र द्वन्द रुपान्तरणको पूर्व सर्तहरु नठम्याई संविधान मस्यौदा गर्न बस्नु के कति परिपक्वता पूर्ण हुन्छ !

६. संवैधानिक सर्वोच्चताको विषयमा केन्द्रित भएर मस्यौदाको प्रारुप तयार हुनु पर्नेमा विवाद छैन यो प्रस्तुत दस्तावेजको अध्ययनको विषय हो ।

७. द्वन्द समाधानमा कार्यरत सवै राजनैतिक दलहरुको उदारताको अभावमा लोकतन्त्र र दिगो शान्ति कठिन छ । लोकतन्त्र र दिगो शान्ति सवैको ईच्छा हुँदा हुँदै पनि संविधान सभा सवैको पवित्र उद्देश्य सहितको गन्तव्य मार्ग भए पनि सर्वाजनिक अभिव्यक्ति र दवावबाट मात्र पुरा हुन सक्दैन की ! गृहकार्यको आवश्यकता ज्वलन्त र टडकारो रुपमा रहेको महसुस गरेको छु । यसको लागि सवै संसदवादी दलहरु र विद्रोही दल ने.क.पा.(माओवादी) दुवै पक्ष माथि बन्धनकारी दायित्व रहेको छ ।

८. वर्तमान परिस्थितिमा अभूतपूर्व र अकल्पनीय कुनै अपवाद सृजना भएन भने तत्काल नयाँ संविधान र संविधान सभा मार्फत नयाँ जनादेश प्राप्त भई हामी नेपाली आफैले संविधान बनाउने कार्यमा विलम्ब हुने देख्दछु । व्यक्ति, समुह, समाज र दलको मात्र चाहनाले हुन नसक्ने भएकोले अन्तरवस्तु सहितको पूर्वाधारको ठहर गर्न सवै कृयाशिल

हुनुमात्र विकल्प हो । संविधान भनेको इच्छाहरुको दवावको दस्तावेज होइन । यो यथार्थता आजसम्मको सवै प्रकृतिको आन्दोलनको स्वरुपबाट पुष्टी भएको छ ।

९. २०६३ साल आषाढ २ गतेबाट गठन भएको मस्यौदा समितिमा बटुलेको अनुभव सदासर्वदा मनस्थिति र विस्मृतिमा राख्दै सम्पूर्ण नेपाली अनुशासित हुनु पर्ने क्षण केही टाढा पुगेकोमा यसबाट कसैको जीवन, वैयक्तिक स्वतन्त्रता जस्ता मानवीय मर्यादाको अक्षुण्य गुणमा खलल दखल नपुगोस भनी व्यक्तिगत कामना गर्नु वाहेक यस क्षणमा अर्को बिकल्प छैन ।

पुनः सवैलाई धन्यवाद र आभार व्यक्त गर्दै आफ्नो व्यक्तिगत दृष्टिकोण लोकतन्त्र प्रयोग गर्न हकसँग आवद्ध राख्दै यो जिम्मेवारी पूरा हुन नसकेको यथार्थता स्वीकार गर्दछु ।

शम्भु थापा
सदस्य
अन्तरिम संविधान मस्यौदा समिति
शान्ति सचिवालय, सिंहदरबार ।